"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"

नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दल्ली जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३

च.नं.

मितिः २०८२/०९/०८

ने.सं.११४६, पुष शुक्ल तृतिया, व्याघात गर श्रवण, मंगलबार

---

## मकै बिउ उत्पादन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सुचना ।

यस नलगाड नगरपालिकाको को आर्थिक वर्ष २०८२।८३ को वार्षिक स्वीकृत मकै बिउ उत्पादन कार्यक्रम (संघिय सशर्त तर्फ) रहेको हुँदा स्थानीय तहका कृषि व्यवसाय एवम् सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समूह / कृषि सहकारी संस्था / कृषि फार्म / उधमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र नलगाड नगरपालिका कृषि विकास शाखामा तपसिल अनुसारका कागजातहरू संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट http://tribeninalgaadmun.gov.np/ फोन नं. ९८६६०७८१०९ मा सम्पर्क गर्न सकिनेछ ।

| क स | बजेट शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | मकै बिउ उत्पादन कार्यक्रम | ८०००००। (अाठ लाख) | अनुदान रकम प्रदेश तथा स्थानिय तहमा वित्तिय हस्तानतरण भएका कृषि विकास कार्यक्रम कार्यन्वनयन सम्बन्धि कार्यविधि २०८२ बमोजिम उपलब्ध गराइनेछ । |

<u>आवश्यक कागजातः</u>

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२. कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (व्यावसायिक उत्पादनको हकमा)।

३. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी ।

४. निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित स्थानीय तहको प्रमाण ।

५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

६. प्रतिवद्धता पत्र ।

७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरू ।

यस कार्यक्रमका लक्षित समूहमा कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू एवम् अन्य सरोकारवालाहरू हुनेछन् ।

<u>यस कार्यक्रम अन्तर्गत प्रमुख क्रियाकलाप देहाय बमोजिम हुनेछन्-</u> (क) उत्पादन सामाग्री (स्रोत बीउ, प्राङ्गारिक / जैविक / भर्मीकम्पोष्ट मल, विषादि) र प्रोत्साहन अनुदान सहयोगः स्थानीय तहभित्र मकैको बीउ उत्पादनका लागि बीउ उत्पादक कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंकलाई नेपाली हाइब्रिड तथा खुला सेचित मकैको स्रोत बीउ र प्राङ्गारिक मल, सुक्ष्म खाधतत्व, किटनाशक विषादी, रोगनाशक विषादी, मकै सुकाउन त्रिपाल लगायतका कृषि उत्पादन सामाग्री आदीको सुविधा उपलब्ध हुनेछ ।

परियार

प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको शहर"

नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३

च.नं.

मिति: २०८२/०९/०८

ने.सं.११४६, पुष शुक्ल तृतिया, व्याघात गर श्रवण, मंगलबार

---

(ख) पूर्वाधार निर्माण/सवलिकरण तथा यान्त्रिकरण सहयोगः यस अन्तर्गत बीउ उत्पादक कृषक समूह, सहकारी, सामुदायिक बीउ बैंक आदिको बीउ उत्पादनको लागि भौतिक र प्राविधिक सहयोग उपलब्ध गराइनेछ । यसमा बीउ उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग आदि कार्यमा प्रयोग हुने मेशिनरी उपकरण आदी अनुदानमा उपलब्ध गराइनेछ । सामान्यतयाः देहाय बमोजिमको सामग्री एवम् सुविधा उपलब्ध गराउन सकिनेछ ।

१. मकै रोप्ने, गोड्ने तथा दाना छोडाउने मेशिन
२. बीउ प्रशोधन कक्ष / गृह / मर्मत
३. बीउ प्रशोधन मेशिन तथा थ्रेसिङ्ग फ्लोर निर्माण
४. बीउ सुकाउन त्रिपाल तथा बीउ जोख्ने तराजु वा मेशिन
५. बीउको चिस्यान मापन गर्ने यन्त्र
६. बीउ प्याकिङ्ग गर्ने बोरा तथा बोरा सिलाउने मेशिन
७. सिड ट्रिटर / विषादी छर्ने मेशिन
८. बीउ भण्डारणको लागि मेटल बीन / हर्मेटिक ब्याग बीउ ढुवानीमा सहयोग

(ग) प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रणः स्रोत / उन्नत (हाइब्रिड समेत) बीउ उत्पादन, प्रशोधन तथा भण्डारण, खडा बाली निरिक्षण, गुणस्तर नियन्त्रण, ट्यागिङ्ग, लेबलिङ्ग, बजारिकरण सम्बन्धी तालिम दिलाउन सकिनेछ ।

(घ) खडा बाली निरिक्षण र उत्पादित बीउको परिक्षणको लागि आवश्यक सेवा शुल्कमा शत प्रतिशत अनुदान दिन सकिनेछ ।

नोटः लक्षित समूहको भौतिक, प्राविधिक र वित्तिय क्षमता, वातावरणीय उपयुक्तता, स्थलगत मुल्याकंन लीको राय, संस्था-व्यक्तिको व्यवसायिक क्रियाशिलता र अनुभव का आधारमा छनोट गरिनेछ । विगत दुइ वर्षमा कुनै पनि सरकारी निकायबाट समान प्रकृतिको अनुदान नलिएकोलाइ प्राथमिकता दिइनेछ। यो कार्यक्रम प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरण भएका कृषि विकास कार्यक्रम कार्यन्वयन सम्बन्धि कार्यविधि, २०८२ बमोजिम संचालन गरिनेछ ।

*निवेदन र प्रस्तावना फारमको नमुना कृषि विकास शाखा मा उपलब्ध गराइनेछ ।*

खड्क बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.:- ९८४८१३६०६८, ईमेलः- ito.nalgaadmun@gmail.com, Web Site:- www.nalgaadmun.gov.np